# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्रीमती चन्द्रकला किरण अन्तर्राष्ट्रिय श्रम संगठनको ७६ औं महाधिवेशन र सोको पूर्व तयारी समितिको बैठकमा समेत भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४६।२।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

## निर्वाचन आयोगको सूचना

यस आयोगका सचिव श्री अच्युतनारायण राजभण्डारी घरबिदामा बस्नु भएकोले उहाँ हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ (१) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी मिति २०४६।२।३० को निर्णय अनुसार यस आयोगका सह-सचिव श्री बुद्धरत्न शाक्यलाई मिति २०४६।२।३१ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
बुद्धरत्न शाक्य
का.मु. सचिव
निर्वाचन आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।